नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा
बागमती प्रदेश, नेपाल

फोन नं. ०१०-५४०१३१
हटलाईनः ०१०-५४००१९(२४सैं घण्टा)
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः daorasuwa.moha.gov.np
Google+ code: 476K+J6

पत्र संख्या :- ०८०/८१
चलानी नं :-

मितिः२०८१/०२/२१

## रसुवावासी महानुभावहरुलाई अनुरोधः

केहि दिन पछि नेपालमा मनसुन भित्रिदै छ । मनसुन सक्रिय भएसँगै बाढी, पहिरो र डुवानको जोखिम उच्च हुन्छ । वर्षाको समयमा तुलनात्मक रुपमा पहाडी भेगमा पहिरोको जोखिम बढी हुन्छ ।
पहिरोको जोखिम न्यूनिकरण गर्न विभिन्न कार्य गरेर पूर्वतयारी गर्न सकिन्छ । पहिरोका पूर्वसंकेतहरु पनि देखिन सक्छन ति संकेतहरुलाई समयमै ध्यान दिन सके क्षति कम हुनबाट बच्न सकिन्छ।
**पहिरोको संभावित क्षतिबाट जोगिन निम्न पूर्वतयारी गर्नका लागि सम्बन्धित सबैलाई हार्दिक अनुरोध छः**

**क) पहिरो जान लागेको कसरी थाहा पाउने ?**

१. घर– आँगन, वस्ती वरिपरि चिरा परेको देखिनु।
२. जमिनबाट कटकट गर्ने आवाजहरू आउनु।
३. रुख र बिजुलीका पोलहरू ढल्किएको देखिनु।
४. पानीका मूलहरू अस्वाभाविक रुपमा सुक्नु अथवा मूलहरू बढ्नु, नयाँ ठाउँमा मूलहरू देखा पर्नु र भइरहेका मूलबाट धमिलो पानी आउनु।
५. भिरालो जमिनबाट ढुंगा, माटो खस्नु।
६. ठाडो खोल्साहरूमा एक्कासि बहाव रोकिनु। माथिपट्टि पहिरो खसेर थुनिएर रोकिएको हुनसक्छ।
७. घरका झ्याल– ढोका एक्कासि बन्द गर्न र खोल्न अप्ठ्यारो हुनु।
८. घरका भित्ता र भुइँमा चिराहरू देखिनु ।
९. वस्तीभन्दा तलपट्टि ठूलो खोला अथवा नदी छ र त्यसले सक्रिय रुपमा जमिन कटान गर्न लागेको छ भने अब पहिरो जाँदै छ भनेर बुझ्नुपर्छ ।

यस्तो स्थिति देखिएमा तत्काल सुरक्षित स्थानतर्फ स्थानान्तरण हुनुपर्छ ।

**ख) पहिरो जान नदिन पूर्वतयारी कसरी गर्ने ?**

१. बर्षात भन्दा अगाडि नै भेल– पानीलाई बस्ती नजिक अथवा कमजोर भू– भागमा एकत्रित हुन नपाउने गरी सुरक्षित ठाउँबाट निकास दिने ।
२. बर्षात अगाडि घर वरपर साना कान्लाहरूमा चिराहरू देखिएको छ भने चिम्टाइलो माटो लगेर त्यसमा खाँदेर पुर्ने । सम्भव भएसम्म त्यसमा पानी छिर्न नपाओस् भनेर त्रिपाल वा प्लास्टिकले छोप्ने ।
३. पुरानो पहिरो गएको स्थानमा बस्ती नबसाउने ।
४. नदी– नालाको पानीको बहावलाई जमिन कटान हुन नदिने गरी व्यवस्थापन गर्ने ।
५. जथाभावी डोजर, एक्साभेटर प्रयोग नगर्ने ।
६. धेरै भिरालो डाँडा वा पहाडको ठ्याक्कै मुनि वस्ती नबसाल्ने ।

मनसुन पूर्वतयारी तथा प्रतिकार्यमा सबै जुटौं, धनजनको क्षति न्यूनिकरणका कार्यमा सहभागि होऔं ।

**धन्यवाद।**

(वेदनिधि खनाल)
प्रमख जिल्ला अधिकारी



२०८१।२।२१